## बैठक संख्या (११)

आज मिति २०८३/०१/०९ गतेका दिन यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कार्यपालिकाका उपाध्यक्ष श्री सकुन्तला साउदज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

स्थानीय सरकार शिवनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिवनाथ, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

**उपस्थिती:-**

(गाउँपालिका उपाध्यक्ष) श्री सकुन्तला साउद

(वडा अध्यक्ष) श्री बलदेव सिह चाड

(वडा अध्यक्ष) श्री सुरेन्द्र सिह साउद

(का.वा.वडा अध्यक्ष) श्री लक्ष्मन सिह साउद

(वडा अध्यक्ष) श्री धन बहादूर महता

(वडा अध्यक्ष) श्री केशव चन्द

(वडा अध्यक्ष) श्री भरत राम पार्की

(का.पा.सदस्य) श्री धनमती साउद

(का.पा.सदस्य) श्री विमला पार्की

(का.पा.सदस्य) श्री संगिता आउजी

(का.पा.सदस्य) श्री लक्षिमा कुमारी साउद

(का.पा.सदस्य) श्री राजेन्द्र राम दयाल

(का.पा.सदस्य) श्री प्रताप राम तिर्वा

(सदस्य सचिव) श्री नरेन्द्र सिह महता

**कार्यपालिका सहयोगी कर्मचारी:-**

श्री महेश सिह महता (सुचना प्रविधि अधिकृत)

श्री देवराज सापकोटा (लेखा अधिकृत)

**प्रस्तावहरुः-**

१. नियमित बैठकको समिक्षा सम्बन्धमा ।

२. प्रदेश समपुरक तथा विशेष अनुदान योजना छनौट सम्बन्धमा ।

३. रकम भुक्तानी सम्बन्धमा ।

४. पद नाम सम्बन्धमा ।

५. लैङ्गिक हिंसा निवारण कोषको खाता सम्बन्धमा ।

निर्णय नं. (१) को प्रस्ताव नं. १ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अघिल्लो कार्यपालिकाको बैठकमाथि आवश्यक समिक्षा गरियो ।

निर्णय नं. (२) को प्रस्ताव नं. २ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अगामी आ.व. २०८३/०८४ मा प्रदेश सरकारको समपुरक तथा विशेष अनुदानका लागि तपसिल बमोजिमका आयोजना/योजनाहरु छनौट गरी प्रदेश योजना पोर्टलमा विवरण भर्ने र उक्त आयोजना/योजनाहरु सिफारिस गर्ने निर्णयहरु सर्वसहमतिबाट पारित गरियो ।

**तपसिलः-**

क) समपुरक सम्बन्धी आयोजना/योजनाको छनौट विवरणः-

१. सकरा सडक निर्माण योजना (क्रमागत) — (शिवनाथ — ३)

२. छेला — बारु — पिपलकोट — टोटिखाली - खकलाई सडक स्तरोउन्नति — (शिवनाथ — ४ र ५)

३. शर्माली स्वास्थ्य चौकी भवन निर्माण — (शिवनाथ — २)

४. ६ नं. वडा कार्यालय भवन निर्माण — (शिवनाथ — ६)

५. सिमल चौतारी देखि गाउँसल्ला ब्रथिङ सेन्टर हुँदा कुस्मौतघाटसम्म सडक निर्माण — (शिवनाथ — १)

ख) प्रदेश विशेष अनुदान सम्बन्धी आयोजना/योजनाको छनौट विवरणः-

१. शैक्षिक विकासका लागि सामुदायिक विद्यालयहरुको प्रविधि तथा शैक्षिक प्रशासन सुधार कार्यक्रम

२. आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि अन्तर्गत सरक्षित मातृत्व तथा पोषण सेवा सुदृढीकरण कार्यक्रम

निर्णय नं. (३) को प्रस्ताव नं. ३ माथि छलफल मिति २०८२/१२/४ गतेका दिन जिल्लास्तरीय लैङ्गिक हिंसा सम्बन्धि समन्वय समितिको बैठक र पाटन नगरपालिका, बैतडीको च.न. १२५३, मिति २०८३/१/७ गतेको प्राप्त पत्रानुसार पाटन न.पा.-६मा रहेको अल्पकालिन महिला सुरक्षित आवास

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

गृह सञ्चालनका लागि महिला सुरक्षिष आवास गृहलाई रु १५००००/- लैङ्गिक हिंसा निवारण कोष बाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. (४) को प्रस्ताव नं. ४ माथि छलफल गर्दा शर्माली स्वास्थ्य चौकी अन्तर्गत नागार्जुन आधारभूत स्वास्थ्य सेवा केन्द्र, शिवनाथ – १ मा कार्यरत श्री जीवन सिह साउदको पद सि.अ.हे.व. रहेकोमा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८२ को नियम ६ को खण्ड घ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ (संशोधन सहित २०७०) को नियम २९ को उपनियम १ को खण्ड घ र नियम ७ बमोजिम निजको पद हेल्थ असिस्टेन्ट पद नाम दिने गर्ने निर्णय गरियो ।

निर्णय नं. (४) को प्रस्ताव नं. ४ माथि छलफल गर्दा शिवनाथ गाउँपालिकाका नाममा सञ्चालनमा रहेको लैङ्गिक हिंसा निवारण कोष खाता नं. ४१८२५२४०२००६१५ तत्कालिन प्रमुख प्रशासकीय अधिकृत श्री टंक प्रसाद पन्त र लेखापाल श्री देवराज सापकोटाको संयुक्त हस्ताक्षरवाट सञ्चालन रहेकोमा निज श्री टंक प्रसाद पन्त सरुवा भई गएकोले र खाता डोरमेट भएको हुँदा उक्त खाता सञ्चालनको लागि प्रमुख प्रशासकीय अधिकृत श्री नरेन्द्र सिह महता र लेखा अधिकृत श्री देवराज सापकोटाको संयुक्त हस्ताक्षरबाट सञ्चालन गर्ने निर्णय गरियो ।

नरेन्द्र सिह महता
प्रमुख प्रशासकीय अधिकृत